आज मिति २०७९ साल चैत्र २८ गते मंगलबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको नवौं बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य वडा नं.-२ | ९८४०२९५९२१ | |
| १८. | श्री विनोद बहादुर भुल | सदस्य वडा नं.-४ | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य वडा नं.-४ | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य वडा नं.-७ | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य वडा नं.-८ | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य वडा नं.-९ | ९७४४२८६११३ | |
| २३. | श्री अनिल परियार | सदस्य वडा नं.-१० | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य वडा नं.-१४ | ९८६४४८६११७ | |
| २५. | श्री डुबिन्द्र प्रसाद बराल | सचिव-प्र.प्र.अ. | ९८४१८५४७२१<br>९८४८४८४३०९ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १. | श्री नृपेन्द्र बहादुर महता | का.वा. वडा अध्यक्ष वडा नं.-१० | ९८४८६३१९४२ | |
| २. | श्री नृप विश्वकर्मा | उ.प्र. कानुन शाखा | ९८४८६०४९२० | |

प्रस्तावहरुः

१. प्रदेश समपुरक अनुदान र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।
२. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
३. मागमा आधारित कार्यक्रम छनौटको मापदण्ड निर्धारण सम्बन्धमा ।
४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन सम्बन्धमा ।
५. बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९ सम्बन्धमा ।
६. शिक्षा नियमावली २०७९ सम्बन्धमा ।
७. एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ सम्बन्धमा ।
८. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता २०७९ सम्बन्धमा ।
९. विद्यालय समायोजन तथा दरबन्दी मिलान अधिकार प्रत्यायोजन सम्बन्धमा ।
१० स्थानीय द्रुत प्रतिकार्य समिति गठन सम्बन्धमा ।
११ स्थानीय तहमा गुणस्तर सुनिश्चितता कार्य समिति गठन सम्बन्धमा ।
१२विपन्न नागरिकको अधिकतम २५ युनिट सम्मको विद्युत महसुल नगरपालिकाले तिर्ने सम्बन्धमा ।
१३ पहलमान सिंह स्वार साहित्यिक कार्यक्रम सञ्चालन सम्बन्धमा ।
१४ सहकारी संस्था नियमन तथा व्यवस्थापन मापदण्ड निर्माण सम्बन्धमा ।
१५ शैक्षिक गुणस्तर मापन सूचक निर्धारण गर्ने सम्बन्धमा ।
१६ प्लम्बिङ तालिम सहभागी छनौट सम्बन्धमा ।
१७ कृषि विज्ञ र पशु चिकित्सक करारमा पदपूर्ति गर्ने सम्बन्धमा ।
१८ खप्तड स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।
१९ मिति २०७९/१२/१९ गते घटेको दुःखद घटना सम्बन्धमा ।
२० शोक प्रस्ताव पारित सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.२०८०/८१ का लागि प्रदेश समपूरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी प्रदेश नीति तथा योजना आयोगमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

<u>समपूरक अनुदान तर्फः</u>

१. वडा कार्यालय भवन निर्माण वडा नं. १२
२. वडा कार्यालय भवन निर्माण वडा नं. ५
३. वडा कार्यालय भवन निर्माण वडा नं. २

<u>बिशेष अनुदान तर्फः</u>

१. कालिमाटी सोलार लिफ्ट इरिगेसन निर्माण वडा नं. १
२. जिम्लेआम खानेपानी निर्माण योजना वडा नं. ३
३. पोषणमैत्री नमूना टोल कार्यक्रम

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा सघन शहरी विकास तथा भवन निर्माण आयोजना राजपुर, डोटी मार्फत सञ्चालन हुने सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरधुरीहरुलाई जस्तापातामुनी ल्याउने गरी कार्यक्रम सञ्चालनको लागि तपसिल बमोजिमका वडाहरु छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. वडा नं. ९ बुढाकोट
२. वडा नं. १४ पातलकोट

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मागमा आधारित कार्यक्रम छनौटको मापदण्ड बनाउन यस साँफेबगर नगरपालिका कृषि विकास शाखा र पशु सेवा शाखालाई निर्देशन दिने र प्रस्ताव तथा कार्यक्रम छनौट गर्दा सम्बन्धित वडाका वडा अध्यक्षको नेतृत्वको अनुगमन प्रतिवेदन बमोजिम छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुरुपको कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको लै.स.सा.स. कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।'

तपसिलः

| | |
|---|---|
| नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर | – संयोजक |
| नगर उप प्रमुख श्री शिव बहादुर कुँवर | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री डुबिन्द्र प्रसाद बराल | – सदस्य |
| सामाजिक विकास समिति संयोजक श्री जनक बहादुर कडायत | – सदस्य |
| कार्यपालिका सदस्य श्री राधा देवी साउँद | - सदस्य |
| कार्यपालिका सदस्य श्री उमा उपाध्याय | – सदस्य |
| कार्यपालिका सदस्य श्री विनोद भुल | – सदस्य |
| संघ/संस्था प्रतिनिधी श्री अप्सरा कुँवर | – सदस्य |
| संघ/संस्था प्रतिनिधी श्री संगिता के.सी. कुँवर | – सदस्य |
| संघ/संस्था प्रतिनिधी श्री दुधकला बिष्ट | – सदस्य |
| लै.स.सा.स.सम्पर्क व्यक्ति तथा महिला बालबालिका शाखा प्रमुख | – सदस्य सचिव |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको बालपोषण भत्ता सम्वन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९ पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको शिक्षा नियमावली २०७९ पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९ पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता २०७९ पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गतका विद्यालयहरुको समायोजन तथा दरबन्दी मिलान नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०
प्रस्ताव नं. १० माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गत महामारी तथा विपद्जन्य घटनाहरुबाट प्रभावितहरुलाई तत्काल खोज तथा उद्धार र राहत कार्यमा सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय द्रुत प्रतिकार्य समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

| | |
|---|---|
| नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री डुबिन्द्र प्रसाद बराल | – सदस्य |
| बयालपाटा अस्पताल प्रमुख डा.श्री मन्दिप पाठक | – सदस्य |
| विपद् व्यवस्थापन शाखा प्रमुख श्री लक्ष्मण नाथ योगी | – सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री पुष्प बहादुर बुढा | – सदस्य सचिव |

निर्णय नं. ११
प्रस्ताव नं. ११ माथि छलफल गर्दा साँफेबगर नगरपालिकामा पोषणको स्थितिमा सुधार ल्याउने कार्यमा आवश्यक सहजीकरण गर्न देहाय बमोजिम नगर स्तरीय गुणस्तर सुनिश्चितता कार्यसमिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

| | |
|---|---|
| नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर | – संयोजक |
| नगर उप प्रमुख श्री शिव बहादुर कुँवर | – सदस्य |
| नगरपालिका कार्यालय रहेको वडाको महिला सदस्य श्री | - सदस्य |
| स्वास्थ्य विषयगत समिति संयोजक श्री | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री डुबिन्द्र प्रसाद बराल | – सदस्य |
| सामाजिक विकास समिति संयोजक श्री जनक बहादुर कडायत | – सदस्य |
| स्वास्थ्य संस्था प्रमुख श्री | – सदस्य |
| शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री हिरादत्त भट्ट | – सदस्य |
| गैरसरकारी संस्था प्रतिनिधी श्री | – सदस्य |
| महिला स्वास्थ्य स्वंयसेविका प्रतिनिधी श्री | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री पुष्प बहादुर बुढा | - सदस्य सचिव |

निर्णय नं. १२
प्रस्ताव नं. १२ माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गत गरिबीको रेखामुनी रहेका अति वपन्न नागरिकहरुको अधिकतम २५ युनिट सम्मको विद्युत महशुल यस साँफेबगर नगरपालिकाले भुक्तानी गरिदिने यस नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम सम्बन्धित वडा कार्यालयको समन्वयमा त्यस्ता घरधुरीहरु पहिचान गरी अधिकतम २५ युनिट सम्मको विद्युत महशुल नगरपालिकाले भुक्तानी गरिदिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १३
प्रस्ताव नं. १३ माथि छलफल गर्दा नेपालकै चर्चित नेपाली भाषाका नाटककार तथा साहित्यकार यस साँफेबगर नगरपालिका निवासी मुर्धन्य व्यक्तित्व श्री पहलमान सिंह स्वारले नेपाली साहित्यमा पुर्याएको योगदान तथा उहाँको स्मृतिमा साहित्यिक कार्यक्रमहरुको आयोजना गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४
प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड नहुँदा सहकारी क्षेत्रमा प्रभावकारी कामहरु गर्न नसकिएको सन्दर्भमा मापदण्ड निर्माणमा आवश्यक

सहजीकरणको लागि प्रदेश बचत तथा ऋण सहकारी संस्था सुदूरपश्चिम प्रदेश धनगढी कैलालीमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५
प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत शैक्षिक संस्थाहरुको गुणस्तर मापनको लागि तपसिल बमोजिमका सूचकहरु निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।-
तपसील

१. विद्यालयको प्रधानाध्यापक विद्यालय प्रती पुर्ण रुपमा जवाफदेही हुनु पर्ने। विद्यालयको प्रधानाध्यापकले नगरपालिका सङ्ग शैक्षिक गुणस्तर सुधारका लागी करार सम्झौता गर्नु पर्ने।

२. शैक्षिक सत्र २०८० बैशाख ३ गते देखी नै विद्यार्थी भर्ना, स्वागत, पाठ्यपुस्तक वितरण तथा पढाइ प्रारम्भ गर्नु पर्ने।

३. मिति २०८०/०१/०३ गते सबै शिक्षकहरुलाई विद्यालयमा अनिवार्य उपस्थित गराउनु पर्ने।

४. विद्यालयमा शिक्षक तथा कर्मचारी अनिवार्य रुपले २३६ दिन उपस्थित हुनु पर्ने।

५. प्रत्येक शिक्षकले अनिवार्य रुपले २०१ दिन पठनपाठन गरेकै हुनु पर्ने।

६. वि.व्य.स. र शि.अ.स. पुर्ण रुपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सक्रिय हुनु पर्ने।

७. प्रधानाध्यापक आफु सक्रिय भइ शिक्षक, अभिभावक तथा विद्यार्थीहरुलाई सक्रिय गर्ने /गराउने।

८. विद्यालयले आफ्नो एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा (IEMIS) झुटो विवरण भर्न नहुने र विद्यालयले आफ्ना सम्पुर्ण विवरण एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत (IEMIS) व्यवस्थापन गर्नु पर्ने।

९. कक्षा १-३ सम्म पुर्णरुपमा निरन्तर मूल्याङ्कन कार्यान्वयन गर्ने/गराउने। अन्य कक्षाहरुमा पाठ्यक्रमले तोकेबमोजिमको निरन्तर मूल्याङ्कन कार्यान्वियन गर्ने /गराउने।

१०. विद्यार्थी भर्नाको बेला विद्यार्थी नियमितताका लागी अभिभावक सङ्ग अनिवार्य रुपले प्रतिवद्वता गराउनु पर्ने।

११. शिक्षक तथा विद्यार्थी अनिवार्य पोशाकमा उपस्थित भएको हुनुपर्ने।

१२. शिक्षकको विदा रेकर्ड व्यवस्थित भएको हुनुपर्ने। विदामा बसेको शिक्षकको विदा कट्टी अनिवार्य गरेको हुनु पर्ने। शिक्षक विदा विद्यालयले अनिवार्य स्वीकृत गरेको हुनु पर्ने।

१३. एक हप्ता सम्म विद्यालयमा अनुपस्थित हुने विद्यार्थीलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा विद्यालयको अभिलेखबाट हटाउनु पर्ने।

१४. विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक समायोजनका क्रममा जुन विद्यालयमा खठाइएको हो त्यस विद्यालयमा अनिवार्य उपस्थित भइ पठनपाठनमा सहभागी गर्ने /गराउने।

१५. पाठ्यक्रमले तोकेको क्रेडीट आवर पुरा हुने गरी विद्यालयमा पठनपाठन गर्ने /गराउने।

१६. विद्यालय समय विहान १० बजे देखी बेलुका ४ बजे सम्म अनिवार्य गर्नुपर्ने। शुक्रबार पनि पुरा समय पठनपाठन गर्ने /गराउने।

सहजीकरणको लागि प्रदेश बचत तथा ऋण सहकारी संस्था सुदूरपश्चिम प्रदेश धनगढी कैलालीमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५
प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत शैक्षिक संस्थाहरुको गुणस्तर मापनको लागि तपसिल बमोजिमका सूचकहरु निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
<u>तपसील</u>

१. विद्यालयको प्रधानाध्यापक विद्यालय प्रती पुर्ण रुपमा जवाफदेही हुनु पर्ने। विद्यालयको प्रधानाध्यापकले नगरपालिका सङ्ग शैक्षिक गुणस्तर सुधारका लागी करार सम्झौता गर्नु पर्ने।

२. शैक्षिक सत्र २०८० बैशाख ३ गते देखी नै विद्यार्थी भर्ना, स्वागत, पाठ्यपुस्तक वितरण तथा पढाइ प्रारम्भ गर्नु पर्ने।

३. मिति २०८०/०१/०३ गते सबै शिक्षकहरुलाई विद्यालयमा अनिवार्य उपस्थित गराउनु पर्ने।

४. विद्यालयमा शिक्षक तथा कर्मचारी अनिवार्य रुपले <u>२३६</u> दिन उपस्थित हुनु पर्ने।

५. प्रत्येक शिक्षकले अनिवार्य रुपले <u>२०१</u> दिन पठनपाठन गरेकै हुनु पर्ने।

६. वि.व्य.स. र शि.अ.स. पुर्ण रुपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सक्रिय हुनु पर्ने।

७. प्रधानाध्यापक आफु सक्रिय भइ शिक्षक, अभिभावक तथा विद्यार्थीहरुलाई सक्रिय गर्ने /गराउने।

८. विद्यालयले आफ्नो एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा (IEMIS) झुटो विवरण भर्न नहुने र विद्यालयले आफ्ना सम्पुर्ण विवरण एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत (IEMIS) व्यवस्थापन गर्नु पर्ने।

९. कक्षा १-३ सम्म पुर्णरुपमा निरन्तर मूल्याङ्कन कार्यान्वयन गर्ने/गराउने। अन्य कक्षाहरुमा पाठ्यक्रमले तोकेबमोजिमको निरन्तर मूल्याङ्कन कार्यान्वियन गर्ने /गराउने।

१०. विद्यार्थी भर्नाको बेला विद्यार्थी नियमितताका लागी अभिभावक सङ्ग अनिवार्य रुपले प्रतिवद्धता गराउनु पर्ने।

११. शिक्षक तथा विद्यार्थी अनिवार्य पोशाकमा उपस्थित भएको हुनुपर्ने।

१२. शिक्षकको विदा रेकर्ड व्यवस्थित भएको हुनुपर्ने। विदामा बसेको शिक्षकको विदा कट्टी अनिवार्य गरेको हुनु पर्ने। शिक्षक विदा विद्यालयले अनिवार्य स्वीकृत गरेको हुनु पर्ने।

१३. एक हप्ता सम्म विद्यालयमा अनुपस्थित हुने विद्यार्थीलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा विद्यालयको अभिलेखबाट हटाउनु पर्ने।

१४. विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक समायोजनका क्रममा जुन विद्यालयमा खटाइएको हो त्यस विद्यालयमा अनिवार्य उपस्थित भइ पठनपाठनमा सहभागी गर्ने /गराउने।

१५. पाठ्यक्रमले तोकेको क्रेडीट आवर पुरा हुने गरी विद्यालयमा पठनपाठन गर्ने /गराउने।

१६. विद्यालय समय विहान १० बजे देखी बेलुका ४ बजे सम्म अनिवार्य गर्नुपर्ने। शुक्रबार पनि पुरा समय पठनपाठन गर्ने /गराउने।

१७. विद्यालयका अतिरिक्त तथा सह-क्रियाकलाप कक्षाकोठाको पठनपाठन सङ्गै गर्नु पर्ने।

१८. विद्यालयमा विद्यार्थी अनुपस्थित भए अभिभावकसङ्ग अनिवार्य छलफल गरी अनुपस्थितिका कारण पत्ता लगाइ विद्यार्थी नियमितता दर बढाउनु पर्ने।

१९. विद्यार्थीको अभिभावकलाई विद्यालय तथा विद्यार्थीको सिकाई प्रती पुर्ण रुपमा जिम्मेवार बनाउने।

२०. विद्यालयमा शैक्षिक वातावरण सृजनाका लागी हरबखत तयार रहने ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा सीप विकास तालिम केन्द्र धनगढी कैलालीको आर्थिक तथा प्राविधिक सहयोग तथा यस साँफेबगर नगरपालिकाको समन्वयमा सञ्चालन हुने ४५ दिने प्लम्वर तालिमको लागि प्रति वडा २ जनाका दरले सहभागीहरु छनौट गरी मिति २०८०/०१/०३ गते भित्र नामावली पठाउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा आ.व. २०७९/०८० मा यस साँफेबगर नगरपालिकामा नेपाल सरकार सशर्त अनुदान अन्तर्गत कृषि विज्ञ तथा पशु चिकित्सक करारमा पदपूर्तिको लागि बजेट व्यवस्था भएकोले देहाय बमोजिम पदपूर्ति समिति गठन गरी १५ दिने सूचना प्रकाशन गरी विज्ञापन आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

संयोजक – प्रमुख प्रशासकीय अधिकृत श्री डुबिन्द्र प्रसाद बराल

सदस्य – लेखा अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा

सदस्य सचिव – प्रशासन शाखा प्रमुख श्री शंकर बहादुर थापा

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १२ खप्तडमा अवस्थित खप्तड स्वास्थ्य चौकीको नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुरुपको भवन नहुँदा उक्त स्वास्थ्य चौकीमा उपचार गराउन आउने विरामीलाई असुविधा पर्न गएको तथा अत्यावश्यकीय औषधी तथा उपकरणहरु भण्डारण गर्न समस्या भएकोले उक्त स्वास्थ्य चौकीको नाममा २.५९ रोपनी जग्गा रहेको र सोही स्वास्थ्य चौकीको भोगचलनमा रहेको करिब ३ रोपनी सार्वजनिक जग्गा गरी जम्मा ५.५९ रोपनी जग्गा रहेकोले उक्त जग्गामा स्वास्थ्य चौकी भवन निर्माणको लागि सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ७ रिडीकोटको वडा कार्यालय नजिकैको मोडमा मिति २०७९/१२/१९ गते सुदूरपश्चिम यातायातको ०१००१ ख ३१ ५४ नं. को बसले अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ३ बस्ने मोटरसाइकल चालक हेमराज कुँवर र सोही ठाउँ बस्ने मोटरसाइकलमा सवार सरस्वती देवी कुँवरलाई ठक्कर दिंदा चालक हेमराज कुँवरको खुट्टा भाँचिन गएको, सरस्वती देवी कुँवर उपचारको क्रममा रहेकोमा मोटरसाइकल चालक हेमराज कुँवरको बयालपाटा अस्पतालमा उपचार सम्भव नभए पछि उपचारको लागि बाँके जिल्लाको नेपालगंज स्थित वेस्टर्न हस्पिटलमा पुर्याइएको र औषधी उपचार खर्च सुदूरपश्चिम यातायात प्रा.लि. को तर्फबाट व्यहोर्ने इलाका प्रहरी कार्यालय साँफेबगर अछाममा पीडितका आफन्त र यातायात व्यवसायीका प्रतिनिधी बीच सम्झौता भए बमोजिम बस चालक र बसलाई गन्तव्य सम्म पुग्ने वातावरणको सिर्जना भएको र ततपश्चात मिति २०७९/१२/२० गते विहान १० बजे बाँके जिल्लाको नेपालगंज स्थित वेस्टर्न हस्पिटलमा विरामी लाई भर्ना गरी उपचार शुरु गरिएको र दिनभरको चेकजाँच र सोधपुछ पश्चात साँझ ५ बजे विरामीलाई OPD मा दर्ता गरी बेलुकी ८ बजे खुट्टाको शल्यक्रिया गरी आइ.सि.यु. मा भर्ना गरिएको २ घण्टाको अवधिमा विरामी अर्धचेतन अवस्थामा अत्यधिक छटपटाउन थालेको र विरामीको उपचारमा संलग्न डाक्टर, नर्स तथा अस्पतालका कर्मचारीहरुले विरामीको हातखुट्टा छोपी उपचार गरेको ततपश्चात विरामी अचेत अवस्थामा पुगी दोस्रो दिन सम्म पनि होशमा नआउँदा स्वास्थ्य अवस्था झन गम्भीर भएको र थप उपचारको क्रममा मृगौलाको डाइलसिस गर्न लाइफलाइन हस्पिटलमा लगिएको र डा. पारस श्रेष्ठको डाइलसिस गरेको र सोही दिन अचेत अवस्थामै जीवनरक्षा अस्पतालमा CT-Scan

र अन्य चेक जाँच गरी पुनः वेष्टर्न हस्पिटलको आइ.सि.यु. मा राखी अचेत अवस्थामा उपचारमा निरन्तरता दिएको र डाक्टरले विरामीको अभिभावकलाई विरामीको स्वास्थ्यमा विस्तारै सुधार हुँदै जाने आश्वासन दिदैं विभिन्न किसिमका औषधी खरिद गर्न लगाई उपचार गरिएको र विरामीको स्वास्थ्यमा सुधार नभएको कारण चौथो दिन वेष्टर्न हस्पिटलका डाक्टर एन.एस. थोसिया(वेहोश गर्ने), डा. पारस पाण्डे, हड्डीरोग विशेषज्ञ डा. किरण गुरुङ, डा. विनोद थापा र राहुल थापा सँगको छलफल पछी उहाँहरुको टीमको सिफारिसमा ह्याम्स हस्पिटल काठमाण्डौंमा आइ.सि.यु. सँगै डाइलसिस गर्ने सुविधा पनि छ हाम्रो हस्पिटलमा उक्त सुविधा उपलब्ध नभएकोले तुरुन्त उक्त अस्पतालमा लैजान सुझाव दिए पश्चात एयर एम्बुलेन्स मार्फत लिनुपर्छ भन्ने सुझाव सहित एयर एम्बुलेन्सको व्यवस्था मिलाइ मिति २०७९/१२/२४ गते दिउँसो २ बजे काठमाण्डौं ह्याम्स अस्पतालका डाक्टरको टीम नेपालगंज आइ अस्पतालको आइ.सि.यु. कक्ष बाट विरामी बाहिर ल्याएर आउँदा त्यो समय भन्दा अगाडी हामीले स्थिर अवस्थामा देखेको विरामी उक्त समयमा मृत्यू तुल्य अवस्थामा बाहिर ल्याइसकेपछि राँझा एउरपोर्ट लगिएको र एयर एम्बुलेन्स मार्फत काठमाण्डौं लगिएको र काठमाण्डौं पुगे पश्चात कुनै उपचार गर्ने अवसर विना डाक्टरहरुले मृत घोषणा गरेको व्यहोरा मृतकको दाजु निवेदक विक्रम कुंवर र छिमेकी काका नाता पर्ने मेघराज खड्काको प्रत्यक्ष देखे बुझेको निवेदन अनुसार मृतक हेमराज कुंवरको उपचारमा संलग्न बाँके जिल्लाको नेपालगंज स्थित वेस्टर्न अस्पतालका डाक्टर तथा स्वास्थ्यकर्मीले गरेको उपचारको सत्य तथ्य जाँचबुझ तथा आवश्यक छानविन प्रक्रियाको लागि नेपाल सरकार समक्ष जोडदार रुपमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ७ रिडीकोटको वडा कार्यालय नजिकैको मोडमा मिति २०७९/१२/१९ गते सुदूरपश्चिम यातायातको ०१००१ ख ३१ ५४ नं. को बसले ठक्कर दिंदा अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ३ बस्ने मोटरसाइकल चालक हेमराज कुँवरको उपचारको क्रममा मिति २०७९/१२/२४ गते मृत्यू भएको घटना प्रति दुःख प्रकट गर्दै शोकसन्तप्त परिवार जनमा गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो ।